# समकालीन नेपाली अनलाइन शब्दकोश प्रयोगकर्ता निर्देशिका

तपाईँले अनलाइन शब्दकोशको वेबपृष्ठ खोल्नासाथ खोजी गर्ने बाकसमा कर्सर देख्नुहुनेछ र त्यहाँ आफूले खोज्ने शब्द टाइप गर्न सक्नुहुनेछ। कम्प्युटरमा जुनसुकै प्रणाली भए पनि यसमा नेपाली नै टाइप हुन्छ। यसको लागि किबोर्ड परिवर्तन गर्नुपर्ने आवश्यकता हुँदैन। चित्र नं. १ मा टाइप गरिएको शब्द सहित उदाहरण प्रस्तुत गरिएको छ। यदि तपाईँलाई "नेपाली युनिकोड रोमानाइज्ड" चलाउने तरिका थाहा छ भने तपाईँले यसको प्रयोगबाट नै त्यहाँ नेपालीमा लेख्न सक्नुहुन्छ । तर तपाईँलाई "नेपाली युनिकोड ट्रेडिसनल" मा मात्र टाइप गर्न आउँछ भने “किबोर्ड” को छेउको बाकसमा गएर “नेपाली रोमनाइज्ड” को ठाउँमा “नेपाली ट्रेडिसनल” परिवर्तन गर्न सक्नुहुन्छ। यदि तपाईँलाई युनिकोडको प्रयोग गरी नेपाली भाषामा टाइप गर्न आउँदैन भने तलको लिङ्कमा क्लिक गरी टाइप गर्ने तरिका सिक्न सक्नुहुन्छ।
http://mpp.org.np/index.php?option=com_content&task=view&id=21&Itemid=42




चित्र नं. १: नेपाली शब्द टाइप गर्ने ठाउँ




चित्र नं. २: किबोर्ड परिवर्तन गर्ने तरिका

"अन स्क्रिन भर्चुअल किबोर्ड" प्राप्त गर्न तपाईँले तल चित्र नं ३ मा देखाए जस्तै गरी लिङ्कमा क्लिक गर्नुहोस्।




चित्र नं. ३: पर्दामा किबोर्ड प्राप्त गर्ने तरिका

तपाईँले तलको निर्देशन अनुसरण गरिसकेपछि चित्र नं. ४ मा जस्तै किबोर्ड मोहडा देख्नुहुनेछ। अब यसलाई लुकाउनका लागि "किबोर्ड लुकाउनुहोस्" भन्ने बटन क्लिक गर्न सक्नुहुन्छ।




**चित्र नं. ४: अन स्क्रिन भर्चुअल किबोर्ड**

आफ्नो कम्प्युटरमा नेपाली आगत प्रणाली (Nepali input system) नहुने प्रयोगकर्ताहरूका लागि यस किसिमको भर्चुअल किबोर्ड बढी उपयोगी हुन्छ। आफ्नो आवश्यकता र सुविधा अनुसार तपाईँले अन स्क्रिन किबोर्डबाट खोजी गर्ने बाकसमा आगत पद्धति परिवर्तन गर्न सक्नुहुन्छ। सुरुमा भर्चुअल किबोर्डले "नेपाली युनिकोड रोमानाइज्ड" लोड गर्दछ तर यसलाई "नेपाली युनिकोड ट्रेडिसनल" मा परिवर्तन गर्न चाहनुहुन्छ भने चित्र न.५ मा देखाए जस्तै तल्लो स्थानको बायाँ क्षेत्रमा रहेको "रोमनाइज्ड" लेखिएको बटनमा क्लिक गर्नुहोस्। बटनमा क्लिक गरिसकेपछि तपाईँले एउटा मेनु देख्नुहुनेछ जसबाट "नेपाली युनिकोड ट्रेडिसनल" किबोर्ड चयन गर्न




सक्नुहुनेछ।

**चित्र नं. ५: "अन स्क्रिन भर्चुअल किबोर्ड" मा किबोर्ड लेआउट परिवर्तन गर्ने तरिका**

रोमनाइज्ड तथा ट्रेडिसनल किबोर्ड लेआउटमा, शिफ्ट कुञ्जी (Shift) सक्रिय पारिँदा उपलब्ध हुने क्यारेक्टरहरू तपाईँलाई आवश्यक परेमा "Shift” लेखिएको बटन क्लिक गर्न सक्नुहुन्छ। तर दुबै खालका किबोर्डमा “Shift” कुञ्जी थिच्दा प्राप्त हुने क्यारेक्टरहरू भने फरक फरक हुन्छन्।




चित्र नं. ६: “नेपाली युनिकोड रोमनाइज्ड" किबोर्ड सजावट शिफ्ट कुञ्जी सक्रिय पारिएको अवस्था

शब्द खोज्दा उक्त शब्द सम्पूर्ण प्रविष्टि (Complete dictionary) भित्र कार्यान्वयन हुन्छ। यस्तो प्रवृत्तिलाई चित्र नं. ७ मा देखाए जस्तै गरी चाहिएको शब्द प्रकार चयन गरेर पनि खोज्न सकिन्छ। यदि तपाईँले सम्पूर्ण प्रविष्टिमा खोजी गरेर मात्र नतिजा प्राप्त गर्न चाहनुहुन्छ भने पनि सोही किसिमले खोजी गर्न सक्नुहुन्छ। तपाईँले खोजी गर्न चाहेको शब्द र यसको प्रकारका बारेमा निश्चित हुनुहुन्छ भने चित्र नं. ७ मा देखाए जस्तै गरी चयन गर्न सक्नुहुन्छ।




चित्र नं. ७: खोजी परिवर्तन गर्ने तरिका

तपाईँले खोजी गर्न चाहेको शब्दको सही हिज्जे थाहा नभए पनि आफूले अनुमान गरेको शब्द प्रविष्टि गर्न सक्नुहुन्छ जसले गर्दा तपाईँलाई हिज्जे सुझाव (Spelling suggestion) को सहयोगले सही शब्द थाहा पाउन मद्दत मिल्नेछ। यदि तपाईँले प्रविष्टि गर्नुभएको शब्दमा थोरै मात्र भिन्नता भएमा हिज्जे सुझावबाट उस्तै प्रकृतिका शब्दहरूको सूची चित्र नं ८ मा देखाए जस्तै पाउन सक्नुहुन्छ।




**चित्र नं. ८: हिज्जे सुझाव**

स्वत: सुझाव (Auto suggestion) विकल्पले तपाईँले शब्द प्रविष्टि गर्नासाथ नजिकका मिल्दा शब्दहरूको सुझाव प्रदान गर्दछ। यो सुविधाबाट आवश्यक शब्द खोजी गर्नका लागि पूरै शब्द टाइप गरिरहनु पर्दैन जसले गर्दा तपाईँको समयको समेत बचत हुन्छ। दिइएका सुझावहरूको आधारमा तपाईँले माउस (Mouse) को प्रयोगको साथसाथै किबोर्डमा रहेको तल माथि देखाइएको बटनको सहायताले चाहिएको शब्द चयन गरी खोज्न सक्नुहुन्छ।




**चित्र नं. ९: स्वत: सुझाव**

खोजी नतिजा चित्र नं. १० मा देखाए जस्तै गरी प्राप्त गर्नुहुनेछ। सम्पूर्ण प्रविष्टि (Complete dictionary) मा खोजी कार्य सकिएपछि प्राप्त हुने नतिजामा शब्दकोशमा भएका सम्पूर्ण मिल्दा-जुल्दा प्रविष्टिहरू प्राप्त हुनेछन्। उक्त नतिजामा तपाईँले खोजेको शब्दसँग मिल्दा-जुल्दा हिज्जे भएका शब्दहरू समाविष्ट हुन सक्छन्। यदि तपाईँ शब्दको विवरण सिधै चाहनुहुन्छ भने चित्र नं. ७ मा देखाए अनुसार शब्द प्रकार चयन गरी खोज्न सक्नुहुन्छ।




**चित्र नं. १०: खोजी नतिजा**

जब तपाईँले खोजी नतिजा (चित्र नं. १०) लाई क्लिक गर्नुहुन्छ, तपाईँले चित्र नं. ११ मा जस्तै गरी प्रविष्टि विवरण प्राप्त गर्नुहुनेछ।




**चित्र नं. ११: शब्दकोश प्रविष्टि विवरण**




**चित्र नं. १२: शब्दकोश प्रविष्टिको विभिन्न खण्डमा दिइएका लेबलहरू**

चित्र नं. १२ मा, शब्दकोश प्रविष्टिको विभिन्न खण्डमा दिइएका लेबलहरू यस प्रकार छन्:

**१. मूल शब्द**
**२. निर्देशन शब्द**
**३. पद वर्ग**
**४. प्रयोग निर्देशिका शब्द**
**५. परिभाषा**
**६. उदाहरण**
**७. प्रयोग-सन्दर्भ**

मूल वा व्युत्पन्न शब्द प्रविष्टिहरूको परिभाषा वा प्रयोग टिपोटबाट तपाईंले प्रयोग-सन्दर्भ फेला पार्न सक्नुहुन्छ।

तपाईँले शब्दकोशमा शब्दहरू खोजी गरिसकेपछि खोजिएका शब्दहरू सञ्झ्यालको दायाँतिर प्रदर्शन हुन्छन्। तपाईँले कुनै पनि  शब्दका लागि दिइएको लिङ्कमा क्लिक गरेर त्यस्ता खोजी गरिएका शब्दहरूको नतिजा प्राप्त गर्न सक्नुहुन्छ। यसले तपाईँको कार्यलाई छिटो पार्नुका साथै उक्त सत्रमा त्यस्ता खोजी गरिएका शब्दहरूलाई ट्र्याक गर्न मद्दत गर्दछ।

कहिलेकाहीँ तपाईँले हेरिरहनुभएको शब्द अन्य शब्दको  परिभाषामा  पनि  समावेष  भएको  हुनसक्छ। चित्र नं. १३ मा तपाईँले तिनीहरूको परिभाषामा “सुरु” समाविष्ट शब्दहरूको सूची देख्न सक्नुहुन्छ।




**चित्र नं. १३: समकालीन नेपाली शब्दकोशको प्रविष्टि**